# सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
# सोह्रौं बार्षिक साधारण सभाको
# निर्णय विवरण (माईन्युट)

१) **प्रारम्भिक**

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सोह्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा सम्पन्न भयो। साधारण सभाका निर्णयहरु तथा अन्य काम कारबाहीको विवरण देहाय बमोजिम रहेका छन्।

मिति : २०८१/०१/२१ (तदनुसार ३ मई २०२४) शुक्रबार

स्थान : होटल हैरिसन प्यालेस, विराटनगर।

समय : बिहान १०:०० वजे

२) **उपस्थिति**

**क) सञ्चालक समितिका पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १. | श्री केशव प्रसाद भट्टराई | अध्यक्ष |
| २. | श्री हेमन्त नाहटा | सञ्चालक |
| ३. | श्री विवेक झा | सञ्चालक |
| ४. | श्री आकाश गोल्छा | सञ्चालक |
| ५. | श्री चुडामणि देवकोटा | स्वतन्त्र सञ्चालक |
| ६. | श्री प्रिया तायल | सञ्चालक |
| ७. | श्री नमिता शर्मा | सञ्चालक |

**ख) पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | श्री प्रकाश विक्रम खत्री | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री भरत के.सी. | कम्पनी सचिव |
| ३. | श्री रमेश कुमार के.सी. | प्रमुख, प्रशासन विभाग |
| ४. | श्री तारा दाहाल | प्रदेश प्रमुख, प्रदेश नं. १ |

**ग) शेयरधनीहरुको उपस्थिति**

- उपस्थित शेयरधनीहरुको संख्या : २३० जना
  स्वयं उपस्थित हुने शेयरधनीहरुको संख्या : ३७ जना
  प्रतिनिधि पत्र (प्रोक्सी) मार्फत उपस्थित हुने शेयरधनीको संख्या : १९३ जना
- शेयरको प्रतिनिधित्व संख्या : २,६४,२५,९३६
- शेयर संख्याको प्रतिनिधित्व प्रतिशत : ५८.१३%

यस सभामा सहभागी हुन पाउने कुल ४३०५८१ शेयरधनीहरु मध्ये उपस्थित शेयरधनीहरु सबै जना सभामा सहभागी हुन योग्य थिए।

SuryaJyoti
Life Insurance Co. Ltd.

३) **छलफलका विषयहरु :**

क) **सामान्य प्रस्ताव**

१) कम्पनीको सोह्रौं बार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को लेखा परीक्षकको प्रतिवेदन सहितको मिति २०७९ साल पौष ६ गतेको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/०८० को मिति २०७९ साल पौष ६ गतेको नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण एवं तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

३) सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को लेखा परीक्षकको प्रतिवेदन सहितको २०८० साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/०८० को नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण एवं तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने ।

४) लेखा परीक्षण समितिको सिफारिस बमोजिम आर्थिक बर्ष २०८०/०८१ को लागि लेखा परिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (बर्तमान लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड एसोसियट्स चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन सक्नु हुनेछ)

५) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु.४,५४,५५,७२,१००।- को २४.७४ प्रतिशतका दरले हुने रकम रु.१,१२,४५,७४,५३७/५४ नगद लाभांश (प्रस्तावित बोनस शेयरको कर प्रयोजन समेतको लागि) वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

६) सञ्चालक समितिमा संस्थापक शेयरधनी समुहबाट प्रतिनिधित्व गर्ने रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्तिको अनुमोदन गर्ने ।

ख) **बिशेष प्रस्ताव**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बिद्यमान चुक्ता पूँजी रु.४,५४,५५,७२,१००।- (अक्षरेपी चार अर्ब चवन्न करोड पचपन्न लाख बहत्तर हजार एक सय मात्र) को १०.२६ प्रतिशतका दरले हुने रकम रु.४६,६३,७५,६९७/४६ (अक्षरेपी छयालिस करोड त्रिसट्ठी लाख पचहत्तर हजार छ सय सन्तानब्बे र पैसा छयालिस मात्र) बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।

२) बोनस शेयर वितरण पश्चात् हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गरी रु.५,०१,१९,४७,७९७/४६ पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

३) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम आवश्यक संशोधन गर्ने । कम्पनीको प्रवन्धपत्र/नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित निकायबाट कुनै संशोधन, फेरबदल वा थपघट गर्न कुनै सुझाव/निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन/फेरबदल गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४) कम्पनी ऐनको दफा १०५ (१) (ग) बमोजिम आ.व. २०७९/०८० मा सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. तथा साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. बाट सँस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्चको अनुमोदन गर्ने ।

ग) **विविध**

SuryaJyoti Life Insurance Co. Ltd.

४) **सूचना प्रकाशन :**

कम्पनीको सञ्चालक समितिको मिति २०८०/१२/२९ गतेका दिन बसेको ३७२ औं बैठकको निर्णय बमोजिम कम्पनीको १६ औं बार्षिक साधारण सभा मिति २०८१ बैशाख २१ गते रजिष्ट्र्ड कार्यालय रहेको स्थान विराटनगरमा आयोजना हुने भनि कम्पनी ऐन २०६३ को दफा ६७ (२) मा भएको ब्यवस्था अनुरुप पहिलो पटक साधारण सभा हुने मिति भन्दा २१ दिन अगावै मिति २०८० चैत्र ३० गतेको सिटी पोष्ट राष्ट्रिय दैनिक र दोस्रो पटक मिति २०८१ बैशाख ३ गतेको कारोवार दैनिकमा सूचना प्रकाशित गरि कम्पनी ऐनमा भएको ब्यवस्था बमोजिम कम्पनीको बार्षिक प्रतिवेदन सहितको साधारण सभाको विस्तृत सूचना शेयरधनी महानुभावहरुको कम्पनीमा उपलब्ध ठेगानामा पठाईएको तथा कम्पनीको वेभसाईटमा पनि राखिएको थियो ।

५) **गणपुरक संख्या**

कम्पनी ऐन २०६३ को दफा ७३ (२) तथा यस कम्पनीको नियमावलीको नियम २३ बमोजिम साधारण सभा सञ्चालनका लागि कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुनुपर्नेमा आजको यस सभामा कुल शेयर संख्याको ५८.१३ प्रतिशत शेयरको उपस्थिती रहेको ब्यहोरा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ४,३०,५८१ | ३७ | १९३ | २३० | - |
| शेयर संख्या | ४,५४,५५,७२१ | २९,४१,०६७ | २,३४,८४,८६९ | २,६४,२५,९३६ | ५८.१३% |

६) **सभाको बैधानिकता र सभाको सभापतित्व**

क) साधारण सभाको प्रारम्भमा कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नुहुँदै कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली बमोजिमको प्रकिया पुरा गरि कम्पनीको बार्षिक साधारण सभा बोलाईएको र स्वयं उपस्थित हुने शेयरधनीहरु एवं प्रतिनिधि पत्र (प्रोक्सी) मार्फत उपस्थित हुने शेयरधनीहरुको प्रतिनिधित्व प्रतिशत ५८.१३% रहेको हुँदा सभा सञ्चालन गर्न आवश्यक गणपुरक संख्या पुगेकोले सभा सञ्चालनको लागि बैधानिक प्रक्रिया पुरा भएको जानकारी गराउनु भयो ।

ख) निर्धारित विषयसूचिमा छलफल गर्ने क्रममा कम्पनी सचिवले अध्यक्षज्यू, सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू एवं शेयरधनी महानुभावज्यूहरुलाई आसन ग्रहण गर्न आग्रह गर्नुभयो । आसन ग्रहण पश्चात् उहाँले अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूलाई सभाको अध्यक्षता ग्रहण गर्न अनुरोध गर्नुभयो र अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्दै कम्पनी सचिवलाई सभाको काम कारवाही अगाडी बढाउन अनुमति दिनु भयो ।

ग) सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश विक्रम खत्रीले स्वागत मन्तब्य दिनुहुँदै जीवन बीमा क्षेत्रमा सुर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. र ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को नामबाट सेवा प्रदान गरिरहेका दुई कम्पनी बिचको ऐतिहासिक सफल मर्जर पश्चात् एक बनेर एक उज्ज्वल सुरुवात संगै सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड कायम भई 'जीवनको लागि' भन्ने मुल नाराका साथ अझ बृहत, अझ सबल, अझ

विशाल रुपमा जीवन बीमा क्षेत्रमा उभिएको र बीमा क्षेत्र कै एक सबल, उत्कृष्ठ तथा अग्रणी कम्पनीको रुपमा उभिई सेवा प्रदान गर्न सफल भएको ब्यहोरा ब्यक्त गर्नुभयो ।

घ) तत्पश्चात् कम्पनी सचिवले साधारण सभाका निर्धारित बिषयसूचीहरु सभालाई जानकारी गराउनु भयो ।

## ७) सभा सञ्चालन तथा बार्षिक प्रतिवेदन प्रस्तुती

सभाको काम कारबाहीलाई अगाडि बढाउने क्रममा सभाका सभाध्यक्ष एवं अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूले आफ्नो मन्तब्य सहित आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको बार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुका साथै छलफलका लागि सभा समक्ष अनुरोध गर्नुभयो । तत्पश्चात् अध्यक्षज्यूद्वारा सभा समक्ष साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७९/८० को मिति २०७९ पौष ६ गतेको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/०८० को मिति २०७९ साल पौष ६ गतेको नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण प्रस्तुत गर्नुभई सो माथिको छलफलमा भाग लिन तथा कम्पनीको कारोबार सम्बन्धी विविध पक्षहरुमा आफ्नो बिचार मन्तब्य तथा जिज्ञासाहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

## ८) छलफलमा सहभागी शेयरधनी र ब्यक्त बिचार

छलफलमा सहभागी हुनुभएका शेयरधनी श्री गुरु प्रसाद लामिछाने, श्री सागर राजधामी, श्री असिम रावत लगायतका शेयरधनीहरुबाट ब्यक्त बिचार तथा सुझावहरुको मुलभुत विषयबस्तुको सारांश निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

- कम्पनीको बार्षिक साधारण सभामा भाग लिने अवसरको लागि आभार ब्यक्त गर्दै सभामा उपस्थित शेयरधनीहरुको संख्या राम्रो रहेकोमा खुसी लागेको, साधारण सभाको कौतुहलता एवं राम्रो स्मरण तथा अनुभव लिई फर्कनका लागि सहभागि भएको कुरा ब्यक्त ।
- हाल लाभांश घोषणा गरेका जीवन बीमक कम्पनीहरु मध्ये शेयरधनीहरुलाई सबैभन्दा बढी लाभांश / प्रतिफल प्राप्त हुनेगरी लाभांश/बोनस धोषणा गरेकोमा स्वागतयोग्य रहेको ब्यहोरा सहित आभार तथा धन्यवाद ब्यक्त । साथै कम्पनीले शेयरधनीहरुलाई आगामी दिनमा समेत उच्च प्रतिफल प्रदान गर्ने अपेक्षा ब्यक्त ।
- प्रस्तावित बोनस शेयर वितरण पश्चात् कम्पनीको चुक्ता पूँजी रु.५ अर्ब भन्दा बढी पुग्ने भएकोमा खुसी ब्यक्त ।
- देशमा सञ्चालित जीवन बीमक कम्पनीहरु मध्ये डेटा तथा रिपोर्ट अध्ययन गर्दा यस कम्पनी नेपालको जीवन बीमा क्षेत्रकै एक सबल एवं उत्कृष्ठ कम्पनी रहेको हुँदा कम्पनीको शेयरहोल्डर हुनुमा गौरवान्वित महसुस भएको कुरा ब्यक्त ।
- बढी प्रतिफल प्राप्त हुने गरी लगानीलाई विविधिकरण गर्नुका साथै आय आर्जन हुने, रोजगारी सृजना हुन सक्ने खालका राज्यबाट प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्दा उपयुक्त हुने, जस अन्तर्गत कृषि, पर्यटन जस्ता क्षेत्र हुन सक्ने राय ब्यक्त ।
- बार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको ६ महिना अर्थात दोश्रो त्रैमास भित्रै गर्नको लागि शुरुमै योजना बनाई अगाडी बढ्दा उपयुक्त हुने राय ब्यक्त ।

- कम्पनीबाट प्रकाशित हुने बार्षिक प्रतिवेदन बारेको पुस्तिकामा अघिल्लो बार्षिक साधारण सभाको फोटो राख्न सुझाव ।

९) **शेयरधनीहरुको जिज्ञासाको जवाफः**

अध्यक्ष श्री केशव प्रसाद भट्टराईज्यूले सभामा आफ्नो अमुल्य सुझाव तथा जिज्ञासा राख्नु भएका शेयरधनीहरुलाई धन्यवाद व्यक्त गर्नु हुँदै शेयरधनीहरुको प्रश्न तथा जिज्ञासाहरुको जवाफ दिनु भयो । यसै क्रममा साविकको सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एवं ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभिएर सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको नामबाट मिति २०७९/०९/०७ देखि एकिकृत कारोवार सञ्चालन भएको, कम्पनीले हाल कायम चुक्ता पूँजीको १०.२६ प्रतिशत बोनस शेयर तथा २४.७४ प्रतिशत नगद लाभांश गरी ३५.०० प्रतिशत लाभांश प्रस्ताव गरिएको, बोनस शेयर वितरण पश्चात् चुक्ता पूँजी रु.५,०१,१९,४७,७९७/४६ पुग्ने तथा नेपाल बीमा प्राधिकरणको पूँजी बृद्धि गर्नुपर्ने निर्देशनको पालना समेत हुनुको साथै यस कम्पनी नेपालको जीवन बीमा क्षेत्रको एक सबल, उत्कृष्ठ तथा अग्रणी कम्पनीको रुपमा स्थापित हुने कुरा व्यक्त गर्नु भयो ।

साथै आगामी दिनमा समेत शेयरधनीहरुलाई आकर्षक प्रतिफल प्रदान गर्न कम्पनी प्रयत्नसिल रहने तथा सभामा उठेका बिषयबस्तुलाई सम्बोधन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

१०) **साधारण सभाको निर्णयहरु :**

क) **सामान्य प्रस्ताव**

१) सभामा सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको कम्पनीको आर्थिक वर्ष २०७९/०८० को बार्षिक प्रतिवेदन छलफल पश्चात् निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२) सभामा साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०७९ साल पौष ६ गतेको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/०८० को मिति २०७९ साल पौष ६ गतेको नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण एवं तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्नका लागि सभामा निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

३) सभामा सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/०८० को नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण एवं तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्नका लागि सभामा निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव छलफल पश्चात् सर्वसम्मतिबाट पारित भयो ।

४) कम्पनीको लेखा परीक्षण समितिको सिफारिस बमोजिम लेखा परीक्षक श्री सुजन काफ्ले एण्ड एसोसियट्स चार्टर्ड एकाउण्टेण्ट्सलाई आर्थिक वर्ष २०८०/०८१ को लागि कम्पनीको बाहृय लेखापरीक्षकमा नियुक्ती गर्ने तथा निजलाई बाह्य लेखापरीक्षण शुल्क वापत मुल्य अभिबृद्धि कर बाहेक रु.४,५०,०००/- (चार लाख पचास हजार) उपलब्ध गराउने प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

SuryaJyoti
Life Insurance Co. Ltd.

५) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु.४,५४,५५,७२,१००।- को २४.७४ प्रतिशतका दरले हुने रकम रु.१,१२,४५,७४,५३७/५४ नगद लाभांश (प्रस्तावित बोनस शेयरको कर प्रयोजन समेतको लागि) वितरण गर्ने प्रस्ताव स्वीकृतिका लागि सभामा निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

६) कम्पनीको सञ्चालक समितिमा संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक श्री नन्द किशोर शर्माज्यूले आफ्नो पदबाट राजिनामा दिनु भई रिक्त रहेको सञ्चालक पदमा सञ्चालक समितिको मिति २०८०/०९/२२ मा बसेको ३६६ औं बैठकबाट कम्पनीका संस्थापक शेयरधनी पुजा कन्स्ट्रक्सन नेपाल प्रा.लि. का प्रतिनिधी विराटनगर - १२, मोरङ्ग निवासी श्रीमती नमिता शर्माज्यूलाई बाँकी अवधिका लागि नियुक्त गरेकोमा उक्त निर्णय सभा समक्ष जानकारी तथा अनुमोदनको लागि पेश हुँदा सो प्रस्ताव सभाद्वारा सर्वसम्मतीले अनुमोदन गऱ्यो ।

## ख) विशेष प्रस्ताव

१) सभामा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बिद्यमान चुक्ता पूँजी रु.४,५४,५५,७२,१००।- (अक्षरेपी चार अर्ब चवन्न करोड पचपन्न लाख बहत्तर हजार एक सय मात्र) को १०.२६ प्रतिशतका दरले हुने रकम रु.४६,६३,७५,६९७/४६ (अक्षरेपी छयालिस करोड त्रिसठ्ठी लाख पचहत्तर हजार छ सय सन्तानब्बे र पैसा छयालिस मात्र) बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव सभा समक्ष पेश हुँदा सर्वसम्मतीबाट पारित भयो । साथै बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलव पछिको भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने प्रस्ताव समेत सर्वसम्मतीले पारित गऱ्यो ।

२) बोनस शेयर वितरण पश्चात् हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गरी रु.५,०१,१९,४७,७९७/४६ पुऱ्याउने प्रस्ताव सभा समक्ष पेश हुँदा सर्वसम्मतीले पारित गऱ्यो ।

३) कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्तावित प्रस्ताव सभामा प्रस्तुत भई छलफल पश्चात् देहाय बमोजिम कम्पनीको प्रवन्धपत्रको दफा ६ (ख) तथा दफा ६ (ग) मा संशोधन गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गऱ्यो ।

| दफा | हाल कायम रहेको ब्यवस्था | संशोधित ब्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|---|
| ६(ख) | कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रु.४,५४,५५,७२,१००।- (चार अर्ब चवन्न करोड पचपन्न लाख बहत्तर हजार एक सय) हुनेछ। सो चुक्ता पूँजीलाई प्रति शेयर रु.१००।- का दरका ४,५४,५५,७२१ (चार करोड चवन्न लाख पचपन्न हजार सात सय एक्काईस) थान साधारण शेयरमा विभाजन गरिएको छ । | कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रु.५,०१,१९,४७,७९७४६ (पाँच अर्ब एक करोड उन्नाईस लाख सड्चालिस हजार सात सय सन्तानब्बे र पैसा छयालिस) हुनेछ । सो चुक्ता पूँजीलाई प्रति शेयर रु.१००।- का दरका ५,०१,१९,४७७.९७४६ (पाँच करोड एक लाख उन्नाईस हजार चार सय सतहत्तर दशमलब नौ सात चार छ) थान साधारण शेयरमा विभाजन गरिएको छ । | १६ औं वार्षिक साधारण सभाबाट १०.२६ प्रतिशत बोनस शेयर जारी गर्दा कम्पनीको जारी पूँजीलाई बृद्धि गर्न आवश्यक भएकाले । |

SuryaJyoti Life Insurance Co. Ltd.

| | | | |
|---|---|---|---|
| ६(ग) | कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबोल गरेको पूँजी रु.२,३१,८२,४१,७७१।- (दुई अर्ब एकतिस करोड बयासी लाख एकचालिस हजार सात सय एकहत्तर) तथा सर्वसाधारणबाट रु.२,२२,७३,३०,३२९।- (दुई अर्ब बाईस करोड त्रिहत्तर लाख तीस हजार तीन सय उनन्तिस) गरी जम्मा रु.४,५४,५५,७२,१००।- (चार अर्ब चवन्न करोड पचपन्न लाख बहत्तर हजार एक सय) हुनेछ । | कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबोल गरेको पूँजी रु.२,५५,६०,९३,३७६।७० (दुई अर्ब पचपन्न करोड साठी लाख त्रियानब्बे हजार तीन सय छयत्तर र पैसा सत्तरी) तथा सर्वसाधारणबाट रु.२,४५,५८,५४,४२०।७६ (दुई अर्ब पैंतालिस करोड अन्ठाउन्न लाख चवन्न हजार चार सय बीस र पैसा छयत्तर) गरी जम्मा रु.५,०१,१९,४७,७९७।४६ (पाँच अर्ब एक करोड उन्नाईस लाख सड्चालिस हजार सात सय सन्तानब्बे र पैसा छयालिस) हुनेछ । | १६ औं वार्षिक साधारण सभाबाट १०.२६ प्रतिशत बोनस शेयर जारी गर्दा कम्पनीको चुक्ता पूँजीलाई बृद्धि गर्न आवश्यक भएकाले । |

साथै सभामा कम्पनीको प्रवन्धपत्रको प्रस्तावित संशोधनमा सम्बन्धित निकायहरुबाट कुनै संशोधन, फेरबदल वा थपघट गर्न कुनै सुझाव/निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन/फेरबदल गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव स्विकृतार्थ सभा समक्ष पेश भएकोमा उक्त प्रस्ताव सभाद्वारा सर्वसम्मतीबाट पारित भयो ।

४) आर्थिक वर्ष २०७९।०८० मा सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट सँस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बिभिन्न कार्यका लागि भएको खर्च रु.७,५९,९९७/- कम्पनी ऐनको दफा १०५ (१) (ग) बमोजिम अनुमोदनका लागि सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाद्वारा सर्वसम्मतीले अनुमोदन गऱ्यो । साथै साविक ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट आर्थिक वर्ष २०७९।०८० मा सँस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च नभएको ब्यहोरा सभा समक्ष जानकारी गराईयो ।

ग) **विविध**

विविध अन्तर्गत छलफलका लागि कुनै बिषय नभएको र सबै निर्धारित कार्यसूची बमोजिम छलफल भएको ब्यहोरा सभामा जानकारी गराईयो ।

११. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

सभाका अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरु, कर्मचारीहरु, नियामक निकाय नेपाल बीमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लि., सि.डि.एस एण्ड क्लियरिङ्ग लि., शेयर रजिष्ट्रार एन.आई.सी. एशिया क्यापिटल लि. का साथै सरोकारवाला सबै कार्यालयहरु तथा महानुभावहरुलाई कम्पनीको सोह्रौं बार्षिक साधारण सभा सफलतापुर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा हार्दिक धन्यवाद ब्यक्त गर्दै सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

(भरत के.सी.)
कम्पनी सचिव

SuryaJyoti Life Insurance Co. Ltd.

(केशव प्रसाद भट्टराई)
अध्यक्ष